Regd. No. 1300/067/068
PAN: 600232009

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०८२/८३
च.नं. (Ref.No.): ३८५

मितिः २०८२।८।२८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं।

विषय : **संक्षिप्त आर्थिक विवरण सहितको चौधौं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत सूचना प्रकाशित गरिएको जानकारी सम्वन्धमा।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८२/०८/२६ गते दिउँसो ३:४५ वजे बसेको सञ्चालक समितिको ३३२औं बैठकको निर्णयानुसार यस कम्पनीको चौधौं वार्षिक साधारण सभा आगामी मिति २०८२ साल पौष २१ गते (०५ जनवरी २०२६) सोमवारका दिन विहान १०:०० वजे, स्थान, कार्की ब्याङ्केट, वबरमहल, काठमाण्डौमा वस्ने सम्बन्धी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम तयार पारिएको आर्थिक वर्ष २०८१/०८२ को संक्षिप्त वार्षिक आर्थिक विवरणहरु सहितको चौधौं वार्षिक साधारण सभा सम्बन्धी मिति, स्थान, समय, छलफलका विषयहरु र जानकारी सहितको विस्तृत सूचना मिति २०८२ मार्ग २८ गते राष्ट्रिय दैनिक अन्नपूर्णपोष्टमा प्रकाशित गरिएको जानकारी गराउँदै तहाँको जानकारीको लागि सो पत्रिकामा प्रकाशित सूचनाको डिजिटल प्रति यसै पत्रसाथ संलग्न गरी विद्युतीय फाइलिङ्ग माध्यम (Online upload) बाट अपलोड गरी सम्प्रेषण गरेको व्यहोरा जानकारीको लागि सादर अनुरोध छ।

भवदीय

रमेश पनेरू
कम्पनी सचिव

संलग्नः

- कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको आर्थिक वर्ष २०८१/०८२ को संक्षिप्त वार्षिक आर्थिक विवरणहरु सहितको प्रकाशित विस्तृत सूचना ।

# खानेकुरासहितको भेटघाटले सुत्केरी खुसी

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

गाउँमा कुनै महिला सुत्केरी भएपछि त्यो परिवार मात्र होइन, पूरै गाउँ खुसीले एकताबद्ध हुन्छ। खोटाङ सदरमुकाम दिक्तेलको वडा नम्बर-१ मा रहेको आमा समूहले यो परम्परालाई अझै जीवित राखेको छ। यहाँ कसैको घरमा सुत्केरी भए गाउँका सबै महिला कोसेली लिएर सुत्केरी भेट्न पुग्छन्। कसैले लोकल अन्डा, कसैले भाले, कसैले घ्यू, तेल, दाल, फलफूल र गेडागुडीलगायत पोषणयुक्त खानेकुरा बोकेर सुत्केरीको घर्मा पुग्छन्। यी सामग्री केवल सुत्केरीका लागि खाद्यान्न मात्र नभएर, माया, अपनत्व र एकताको प्रतीक भएको कालिका वडास्तरीय महिला समूहकी अध्यक्ष गीता थापा (बस्नेत) ले बताइन्।

आमा समूह र महिला एकताले आमा र बच्चाको सुरक्षाका लागि निरन्तर साथ दिँदै आएको छ। सुत्केरीको स्वास्थ्य अवस्था बुझ्ने, खानपानमा ध्यान दिन सुझाव दिने र आवश्यक परे सहयोग जुटाउने काम पनि महिलाहरूले आफैं गर्छन्। यस्तो सामूहिक उपस्थितिले बिरामी वा कमजोर अवस्थामा रहेकी सुत्केरीलाई हौसला मात्र होइन, आत्मबल समेत बढाएको छ। गाउँको महिला एकताले सामाजिक सुरक्षालाई घर-घरमा पुर्‍याएको यो अभ्यास आज महिलाहरूका दिक्तेलको पहिचान बन्दै गएको अध्यक्ष थापाको भनाइ छ।

दिक्तेल रूपाकोट मजुवागढी नगरपालिका वडा नम्बर-१ स्थित फूलबारी स्वास्थ्य आमा समूहले शनिबार एकै दिन तीन जना सुत्केरी आमाको घरमा पुगेर सुत्केरी भेटघाट कार्यक्रम सम्पन्न गरेको छ। पोषण, सरसफाइ, खोप र स्तनपानसम्बन्धी मुख्य सन्देश दिने उद्देश्यका साथ आयोजना गरिएको उक्त कार्यक्रम स्थानीय स्तरमै उदाहरणीय मानिएको छ। नवजात शिशु र सुत्केरी आमाको स्वास्थ्यप्रति समुदायलाई सचेत बनाउने लक्ष्यका साथ स्वास्थ्य आमा समूहका सदस्यहरू घर-घरबाट कोसेली संकलन गरी सुत्केरी भेटघाटमा सहभागी हुने गरेजा छन। सामूहिक रूपमा गरिएको यो पहलले सामाजिक एकता, आपसी सद्भाव र स्वास्थ्यप्रतिको जिम्मेवारीलाई अझ मजबुत बनाएको स्थानीयको भनाइ छ।

सुत्केरी भेटघाटअन्तर्गत भवन गहिरा टोलका गोपाल आचार्य र पवित्रा आचार्यदम्पतीको पहिलो सन्तानका रूपमा पुत्रलाभ भएका अवसरमा सुत्केरी भेटघाट गरिएको थियो। त्यसैगरी सुजन र सपना आचार्यदम्पतीबाट दोस्रो सन्तानका रूपमा पुत्रलाभ भएको तथा भुवन र चन्द्रकला आचार्यदम्पतीबाट पनि दोस्रो सन्तानका रूपमा पुत्रलाभ भएको खुसियालीमा सुत्केरी भेटघाट कार्यक्रम गरिएको फूलबारी आमा समूहकी अध्यक्ष लिलीमाया आचार्यले बताइन्।



**खोटाङको दिक्तेलमा सुत्केरीलाई पोषणयुक्त खानेकुरासहित भेटघाट गर्दै आमा समूहका पदाधिकारी।**
● तस्बिर सौजन्य: दिलीप खत्री

सुत्केरी आमाहरूको घरमा पुगेर स्वास्थ्य आमा समूहका सदस्यहरूले शुभकामना व्यक्त गर्दै पोषणयुक्त खाद्य सामग्री प्रदान गरेका थिए। समूहले अन्डा, चामल, दाल, तरकारी, नुन, तेल, फलफूल, गेडागुडीलगायत सुत्केरी आमाका लागि आवश्यक पोषणयुक्त आहार वितरण गरेको छ। यसले सुत्केरी आमाको स्वास्थ्य सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। सुत्केरी भेटघाट केवल सामग्री वितरणमै सीमित नभई संस्कृतिक र सन्देशमूलक कार्यक्रमसहित सम्पन्न गरिएको थियो। स्वास्थ्य आमा समूहका सदस्यहरूले सुत्केरीको घरमा पुगेर नाचगान गर्नुका साथै सन्देशमूलक गीत गाएर मनोरञ्जन प्रदान गरेका थिए। गीतमार्फत सरसफाइ, समयमै खोप लगाउने, आमाको पोषण तथा शिशुलाई स्तनपान गराउने विषयमा सन्देश दिइएको खोटाङकी महिला अधिकारीकर्मी बिमला राईले बताइन्।

सुत्केरी भेटघाट दिक्तेल रूपाकोट मजुवागढी नगरपालिका वडा नम्बर-१ का वडाध्यक्ष नवराज राईको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यक्रममा बोल्दै वडाध्यक्ष राईले स्वास्थ्य आमा समूहको सक्रियता र योगदानको प्रशंसा गरे। उनले स्थानीय स्तरमै यस्ता कार्यक्रमले आमा र शिशुको स्वास्थ्य सुधारमा ठूलो भूमिका खेल्ने र यस्ता अभियानलाई वडा कार्यालयको तर्फबाट निरन्तर सहयोग रहने प्रतिबद्धता जनाए।

सुत्केरी भेटघाटको महत्त्वपूर्ण पक्ष भनेको सचेतना कक्षा सञ्चालन थियो। कालिका वडा स्तरीय महिला समूहकी अध्यक्ष थापाले बच्चालाई स्तनपान, सरसफाइ र पोषणसम्बन्धी सचेतना कक्षा सञ्चालन गरेकी थिइन्। उनले सुत्केरी आमाले खानपानमा ध्यान दिनुपर्ने, नवजात शिशुलाई पहिलो छ महिनासम्म आमाको दूध मात्रै खुवाउनुपर्ने, सरसफाइमा लापरबाही नगर्ने र नियमित खोप समयमै लगाउनुपर्ने विषयमा जानकारी गराइन्। थापाले समुदायको सहयोग र सचेतनावाट मात्रै आमा तथा शिशुको मृत्यु दर घटाउन सकिने बताइन्।

स्थानीयले पनि स्वास्थ्य आमा समूहको पहलको खुलेर प्रशंसा गरेका छन्। समुदायमै जन्म, स्वास्थ्य र पोषणजस्ता विषयलाई प्राथमिकतामा राखेर गरिने यस्ता कार्यक्रमले सामाजिक उत्तरदायित्व र सहयोग संस्कृतिलाई मजबुत बनाउने उनीहरूको विश्वास छ। फूलबारी स्वास्थ्य आमा समूहले स्थानीय तहको सहकार्य र समुदायको सहभागितामा गरिएको यो प्रयासले दीर्घकालीन रूपमा आमा र शिशुको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। आमा समूहको यो अभियानलाई दिक्तेलको वडा नम्बर-१ कार्यालयले समेत वार्षिक आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ।

---

# हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# HYDROELECTRICITY INVESTMENT AND DEVELOPMENT COMPANY LIMITED
## नयाँ वानेश्वर, काठमाण्डौ, नेपाल

## चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२८ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२/०८/२६ गते बसेको सञ्चालक समितिको ३३२औं बैठकको निर्णयानुसार यस कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**

मिति: २०८२ साल पौष २१ गते, सोमबार (०५ जनवरी २०२६)

समय: विहान १०:०० बजेदेखि ।

स्थान: कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौ

**छलफलका विषयहरु:**

**(क) साधारण प्रस्ताव:**

१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको २% (अक्षररुपी: दुई प्रतिशत) का दरले हुने नगद लाभांश र वोनस शेयरमा लाग्ने कर समेत गरी रू. ४९१,१९६,२६८.०० (अक्षरेपी उनन्पचास करोड एघार लाख छयानब्बे हजार दुई सय अठछ्ठी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ) ।

५) सर्वसाधारण शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १.५% (अक्षररुपी: एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरेपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने।(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित वोनस शेयर नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ) ।

२) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी:**

१. यस कम्पनीको चौधौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०९/०८ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ । शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०८२/०९/०७ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो मितिबाट ३ (तीन) कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र तेह्रौं वार्षिक साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य मानिने छन् ।

२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।

३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपि र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

४. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट कम्पनीको सूचना पाटीमा पछि प्रकाशित गरिनेछ । यस सम्बन्धी जानकारीहरु कम्पनीको वेबसाइट www.hidcl.org.np मा पनि हेर्न सकिनेछ । निर्वाचन अधिकृतको कार्यालय कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा रहनेछ ।

५. शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको बिस्तृत आर्थिक बिबरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारीहरु कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्न वा कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौबाट लिन सकिनेछ । उक्त प्रतिवेदन सभा हुने समयमा सभास्थलमा समेत उपलब्ध हुनेछ।

६. सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०८२/०९/१९ गते विहान १०:०० बजे भित्र यस कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै प्रतिनिधि मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र सोहि कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई सकेसम्म झोला तथा अन्य वस्तुहरु नलिई आउनुहुन अनुरोध गरिन्छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

१०.अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ ।

## आ.व. २०८१/८२ को संक्षिप्त आर्थिक विवरण

(प्रस्तुत संक्षिप्त आर्थिक बिवरण कम्पनीको वार्षिक आर्थिक बिवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त बिवरण मात्र हो)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको मिति २०८२/०९/२१ मा हुन गइरहेको चौधौं वार्षिक साधारण सभामा सहभागिता जनाई कम्पनीलाई आफ्नो अमूल्य सल्लाह, सुझाव, सहयोग र सद्भाव प्रदान गर्नुहुनको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत आमन्त्रण गर्दछु। कम्पनी ऐन, २०६३ को दफा ८४ मा भएको व्यवस्था अनुसार कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको आधारमा तयार पारिएको संक्षिप्त आर्थिक विवरण यहाँहरुको जानकारीको लागि पेश गरेको छु ।

**क) विगत वर्षहरुको कारोवारको सिंहावलोकन:**

राष्ट्रिय लक्ष्य प्राप्तिका लागि जलविद्युत तथा अन्य नवीकरणीय ऊर्जा क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट लगानी जुटाउनका लागि निरन्तर रूपमा प्रयासरत रहेको यस कम्पनीले आफ्नो उद्देश्य अनुसार विभिन्न जलविद्युत तथा सौर्य आयोजनाहरुमा ऋण तथा शेयर लगानी गर्दै आएको छ । यसै गरी विद्युत प्रसारण र जलविद्युत अध्ययन सम्बन्धी कम्पनीहरुमा समेत शेयर लगानी गरेको छ । कम्पनीबाट हालसम्म कुल ४३३२.२ मेगावाट क्षमताका ३८ वटा जलविद्युत आयोजना, कुल २५ मेगावाट क्षमताका दुई वटा सौर्य ऊर्जा आयोजना, एउटा ४०० केभी क्रसबोर्डर प्रसारण लाइन आयोजना र अन्य तीन वटा ऊर्जासँग सम्बन्धित कम्पनीहरुमा कुल ६५ अर्ब ३८ करोड रुपैयाँ बराबरको ऋण तथा शेयर लगानी स्वीकृत भई १५ अर्ब ७ करोड रुपैयाँ बराबरको लगानी रकम भुक्तानी भइसकेको छ । कम्पनीबाट लगानी भएका आयोजनाहरुमध्ये ८२५ मेगावाट क्षमताका १२ वटा जलविद्युत आयोजनाहरु र एउटा क्रसबोर्डर प्रसारण लाईन आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन शुरु भइसकेको छ। यसका अतिरिक्त कम्पनीमा सरकारी क्षेत्र तथा नीजि क्षेत्रबाट अगाडि बढाइएका अध्ययन तथा निर्माणको विभिन्न चरणमा रहेका कुल ९१३ मेगावाट क्षमताका विभिन्न जलविद्युत तथा सौर्य आयोजनाहरु र २ वटा हाइभोल्टेज प्रसारण लाइन आयोजनाहरुमा करिब २४ अर्ब रुपैयाँ बराबरको ऋण तथा शेयर लगानीका लागि प्रस्तावहरु उपर छलफल, अध्ययन तथा मूल्याङ्कनका कार्यहरु भइरहेका छन् ।

कम्पनीबाट लगानीको सम्झौता गरिएका आयोजनाहरुको भौतिक प्रगति तथा भुक्तानी तालिका अनुसार कम्पनीले रकम भुक्तानी गर्दै जाने हुनाले कम्पनीबाट प्रतिवद्धता गरिएको रकमको तुलनामा हालसम्म भुक्तानी भएको लगानी रकम कम देखिएको भए पनि आगामी दिनमा सम्झौता गरिएका आयोजनाहरुको भौतिक प्रगति वृद्धि हुँदै जाने र नयाँ आयोजनाहरुको निर्माण कार्य शुरु हुँदै जाने हुँदा कम्पनीबाट प्रतिवद्धता अनुसारको लगानी बढ्दै जानेछ भन्ने विश्वास लिएको छु ।

आ.व. २०८१/८२ र २०८०/८१ को तुलनात्मक वित्तीय स्थिति विवरण तल उल्लेख गरे बमोजिम रहेको छ ।

१. एकिकृत वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

रकम रु. हजारमा

| विवरण | HIDCL (समूह) | | HIDCL | |
|---|---|---|---|---|
| | २०८२/०३/३१ | २०८१/०३/३१ | २०८२/०३/३१ | २०८१/०३/३१ |
| **सम्पति** | | | | |
| **गैह्र चालु सम्पति** | | | | |
| सम्पति र उपकरण | १,४६७,२७८ | १,१७३,३४९ | ६१,३६१ | ७१,५८९ |
| शेयर लगानी | ३,२२४,३४४ | ३,१३८,४१३ | ३,२२२,३१३ | ३,१३८,४१३ |
| सहायक कम्पनीमा लगानी | - | - | १,०१०,००० | १,०१०,००० |
| कर्पोरेट बण्ड लगानी | - | - | - | - |
| ऋण लगानी | ७,३५९,३४८ | ७,४०३,३५५ | ७,३५९,३४८ | ७,४०३,३५५ |
| अन्य गैह्र चालु सम्पति | ० | ० | ० | ० |
| **जम्मा गैह्र चालु सम्पति** | **१२,०५०,९६९** | **११,७१५,११७** | **११,६५३,०२२** | **११,६२३,३५७** |
| **चालु सम्पति** | | | | |
| मुद्दति निक्षेप | १४,८६५,२९५ | १३,७९६,४३८ | १४,८५३,६७० | १३,७८४,८१३ |
| मौज्दात | ९१७ | ६३७ | ५५९ | ३७१ |
| चालु कर सम्पति | ४८,४५३ | १३,२१० | ४३,८४५ | ९,०२७ |
| अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब | ३७,६०९ | ३८,५१२ | ४,९६९ | १५,६५५ |
| नगद तथा बैंक मौज्दात | २,१०४,६०५ | १,२६६,४०२ | १,९७७,७५४ | १,१५४,४५५ |
| **जम्मा चालु सम्पति** | **१७,०५६,८७९** | **१५,११५,२००** | **१६,८८०,७९७** | **१४,९६४,३२१** |
| **जम्मा सम्पति** | **२९,१०७,८४८** | **२६,८३०,३१७** | **२८,५३३,८१९** | **२६,५८७,६७८** |
| **पूँजी तथा दायित्व** | | | | |
| पूँजी तथा जगेडा | | | | |
| चुक्ता पूँजी | २५,१४४,८१३ | २३,१३०,४०८ | २४,५५९,८१३ | २२,८७३,९०८ |
| शेयर लगानी वापत पेश्की | ३०,०००.०० | - | - | - |
| जगेडा तथा कोषहरु | ३,३५६,८८० | ३,२७२,६७९ | ३,४६९,२५३ | ३,३६१,८५५ |
| **जम्मा पूँजी तथा जगेडा** | **२८,५३१,६९३** | **२६,४०३,०८७** | **२८,०२९,०६६** | **२६,२३५,७६४** |
| **दायित्व** | | | | |
| अन्य गैह्र चालु दायित्व | ३१७,८६९ | १८३,५३२ | २९७,५७३ | १५१,३११ |
| चालु दायित्व | २५८,२८६ | २४३,६९७ | २०७,१८० | २००,६०४ |
| **जम्मा दायित्व** | **५७६,१५५** | **४२७,२२९** | **५०४,७५३** | **३५१,९१४** |
| **जम्मा पूँजी तथा दायित्व** | **२९,१०७,८४८** | **२६,८३०,३१७** | **२८,५३३,८१९** | **२६,५८७,६७८** |

२. एकिकृत नाफा नोक्सान विवरण (Statement of Profit or Loss)

रकम रु. हजारमा

| विवरण | HIDCL (समूह) | | HIDCL | |
|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
| आम्दानी | | | | |
| शेयर लगानीबाट आम्दानी | १६,१८१ | ११,३४० | १६,१८१ | ११,३४० |
| ऋण लगानीबाट आम्दानी | ५८९,५९१ | ८०७,८६४ | ५८९,५९१ | ८०७,८६४ |
| बैंक ब्याज आम्दानी | ८०४,४७२ | १,२७४,०५९ | ८०१,८४३ | १,२७१,०९२ |
| अन्य आम्दानी | ५६,६०३ | ८१,००४ | ५५,४५१ | ८०,८३६ |
| **कुल आम्दानी** | **१,४६६,८४७** | **२,१७४,२६७** | **१,४६३,०६६** | **२,१७१,१३१** |
| न्यून: | | | | |
| कर्मचारी खर्च | ४६,१४५ | ४६,८५७ | ३५,०७५ | ३७,४४९ |
| सञ्चालन तथा प्रशासनिक खर्च | २७,०९५ | २१,७२२ | २१,८२० | १६,५४६ |
| वित्तीय खर्च | १०,५३४ | ११,४५० | ६,३१३ | ६,८५५ |
| ह्रास कट्टी र परिशोधन | २५,५९७ | २४,३८१ | ११,७२२ | ११,७८१ |
| कर्जामा सम्भावित जोखिम व्यवस्था | ५४,१८६ | ७२६ | ५४,१८६ | ७२६ |
| सम्पति अपलेखन खर्च | - | - | - | - |
| कर्मचारी वोनस व्यवस्था | ५,००७ | २०,९७८ | ५,००७ | २०,९७८ |
| **कुल खर्च** | **१६८,५६४** | **१२६,११५** | **१३४,१२२** | **९४,३३६** |
| **आय कर अघिको मुनाफा** | **१,२९८,२८३** | **२,०४८,१५२** | **१,३२८,९४४** | **२,०७६,७९५** |
| आय कर खर्च | ३८६,९४५ | ६१२,९८९ | ३९४,६१२ | ६२४,२३३ |
| **यस अवधिको खुद मुनाफा** | ९११,३३८ | १,४३५,१६३ | ९३४,३३२ | १,४५२,५६३ |
| शेयर लगानीलाई ँबष्च ख्बगिभ मा लेखाङ्कन गर्दा सिर्जित नाफा | (५८,०००) | ८५८,००० | (५८,०००) | ८५८,००० |
| अन्य समायोजन (इऋक्ष) | (१५४,४११) | (८५,९९३) | (१५४,२००) | (८५,८००) |
| **OCI बमोजिमको खुद मुनाफा** | **६९८,९२७** | **२,२०७,१७०** | **७२२,१३२** | **२,२२४,७६३** |

३. एकिकृत नगद प्रवाह विवरण (Statement of Cash Flows)

रकम रु. हजारमा

| विवरण | HIDCL (समूह) | | HIDCL | |
|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | | |
| आय कर पछिको खुद मुनाफा (OCI) | ६९८,९२७ | २,२०७,१७० | ७२२,१३२ | २,२२४,७६३ |
| समायोजन: गैह्र नगद खर्च र गैह्र सञ्चालन खर्च | | | | |
| ह्रास कट्टी र परिशोधन | २५,५९७ | २६,८२४ | ११,७२२ | ११,७८१ |
| सम्पति निसर्गबाट नोक्सान/(नाफा) | ० | -१८.०६२ | ० | -१८.०६१९ |
| लाभांश आम्दानी | -१६,१८१ | -११,३४० | -१६,१८१ | -११,३४० |
| लगानीबाट प्राप्त ब्याज | -६,२१९ | -७,२०० | -३,५९० | -७,२०० |
| अघिल्ला वर्षहरुको समायोजन | -१११८८७ | -२५ | -१११८८५ | ० |
| लिजमा वित्तीय खर्च | १०,५३४ | ११,४५० | ६,३१३ | ६,८५५ |
| लिजहोल्ड सम्पति अपलेखन | - | - | - | - |
| **सञ्चालन सम्पति र दायित्व परिवर्तन** | | | | |
| सञ्चालन सम्पतिमा परिवर्तन | -९७५,००४ | -१,७६४,३२२ | -९६४,७०५ | -१,७२६,६७४ |
| सञ्चालन दायित्वमा परिवर्तन | १५८,८९१ | ९६,१७७ | १५८,८१७ | १२१,४२८ |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **-२१५,३४२** | **५५८,७१७** | **-१९७,३७७** | **६१९,५९५** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | | | | |
| सम्पति र उपकरणको खरिद | -४९,८५० | -४,१३५ | -१,४९४ | -२,१५७ |
| पूँजीगत निर्माणाधीन कार्यमा वृद्धि | -२७१,२९४ | -१०५,७७५ | ० | ० |
| सम्पति बिक्रीबाट प्राप्ति | -५०० | ९९ | ० | ९९ |
| अघिल्ला वर्षहरुको समायोजन | - | - | - | - |
| अमूर्त सम्पतिको खरिद | ० | ० | ० | ० |
| सहायक कम्पनीमा खुद लगानी | - | - | - | - |
| लाभांश आम्दानी | १६,१८१ | ११,३४० | १६,१८१ | ११,३४० |
| लगानी सम्पतिमा खुद नगद प्रवाह | -१७०,३९६ | १,२७३,४४२ | -१६८,३६५ | १,२७३,४४२ |
| लगानीबाट प्राप्त ब्याज | ६,२१९ | ७,२०० | ३,५९० | ७,२०० |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **-४६९,६४०** | **१,१८२,१७०** | **-१५०,०८७** | **१,२८९,९२४** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | | |
| NFRS १६ बमोजिमको लिज भुक्तानी | -१८,३७२ | -१९,१११ | -१२,२९१ | -११,४५२ |
| शेयर लगानी वापत प्राप्त रकम | २,०४४,४०५ | ३१३,१०९ | १,६८५,९०५ | ९८,१०९ |
| लाभांश भुक्तानी | -१,२८९,३९० | -१,१९९,२९३ | -१,२८९,३९० | -१,१९९,२९३ |
| जगेडा तथा कोषको उपभोग | ७८९७१५ | ६५४ | ७८९७१५ | ६५४ |
| शेयर निष्काशन खर्च | -३,१७४ | -५७८ | -३,१७४ | -५७८ |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **१,५२३,१८४** | **-९०५,२१९** | **१,१७०,७६४** | **-१,११२,५६१** |
| **नगद प्रवाहमा भएको खुद वृद्धि/(कमी)** | **८३८,२०२** | **८३५,६६८** | **८२३,२९९** | **७९६,९५८** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | १,२६६,४०२ | ४३०,७३४ | १,१५४,४५५ | ३५७,४९६ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/(खर्च) | ० | ० | ० | ० |
| नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात | **२,१०४,६०५** | **१,२६६,४०२** | **१,९७७,७५४** | **१,१५४,४५५** |

**ख) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा:**

कम्पनीको प्रवन्धपत्र तथा नियमावलीले दिएको कार्यादेश, जलविद्युत् विकास तथा लगानीसम्बन्धी नेपाल सरकारले अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रम, लगानीको समग्र वातावरणको विश्लेषण तथा कम्पनीले विगतमा अवलम्बन गरेको रणनीति र हासिल गरेको उपलब्धिको समीक्षा समेतका आधारमा कम्पनीको भावी गन्तव्य, लक्ष्य र मार्गचित्रसहितको आगामी चार वर्षे रणनीतिक व्यवसायिक योजना (आर्थिक वर्ष: २०८२/८३ देखि २०८५/८६) तयार भइसकेको छ।

निजी तथा सरकारी स्तरबाट विकास गरिने जलविद्युत् आयोजनाहरूमा शेयर तथा ऋण लगानीमार्फत आयोजनाहरूको वित्तीय, संस्थागत तथा प्राविधिक सुदृढीकरण गर्ने र दीर्घकालीन लगानीद्वारा कम्पनीका शेयरधनीहरूको लाभ अभिवृद्धि गर्ने उद्देश्यसहित यस रणनीतिक योजनाको कार्यान्वयन गरिनेछ। साथै, सो चार वर्षे रणनीतिक योजनाको नियमित समीक्षा गरी सञ्चालक समितिबाट योजनामा निर्दिष्ट गतिविधि तथा लक्ष्यहरूको समसामयिक संशोधन तथा सुधार गर्न कम्पनी प्रतिबद्ध रहेको छ ।

साथै, नवीकरणीय ऊर्जामा विकास भइरहेको नवीनतम प्रविधि एवम् वैकल्पिक श्रोतको उपयोगमा लगानी विस्तार गर्दै लैजाने उद्देश्य सहित कम्पनीले जलविद्युत क्षेत्रमा सीमित रहेको आफ्नो कार्यक्षेत्र विस्तार गरी समग्र नवीकरणीय ऊर्जा क्षेत्रलाई समट्ने गरी दशौं वार्षिक साधारण सभाको निर्णयबाट प्रवन्धपत्रमा उल्लेखित कम्पनीको उद्देश्य थप गरी संशोधन गरिएको छ ।

दिगो, भरपर्दो तथा गुणस्तरीय ऊर्जाको सुनिश्चितता गर्ने उद्देश्यका साथ वर्तमान लगानी नीतिमा थप व्यवस्था गरी हाल जलविद्युत् तथा नवीकरणीय ऊर्जामा सीमित रहेको लगानी क्षेत्रलाई विस्तार गर्ने विषयमा अध्ययन तथा छलफल भइरहेको छ। यस क्रममा आगामी दिनमा उदियमान ऊर्जा प्रविधि तथा ऊर्जासम्बन्धी संरचना (Emerging Energy Technologies and Energy–related Infrastructures) मा जस्तै ग्रीन हाइड्रोजन, ई-मोबिलिटी, ब्याट्री इनर्जी स्टोरेज सिस्टम (BESS) लगायत क्षेत्रमा लगानी विस्तार र विविधीकरण गर्ने प्रस्ताव अघि बढाइएको छ । यसबाट कम्पनीको उद्देश्यमा नयाँ आयाम थपिने तथा हालसम्म जलविद्युत् तथा नवीकरणीय ऊर्जासम्बन्धी परियोजनामा केन्द्रित रहँदै आएको कम्पनीले भविष्यमा नवीकरणीय ऊर्जासँग सम्बन्धित अन्य क्षेत्रहरूमा समेत लगानी विस्तार र विविधिकरण गरी उल्लेख्य उपस्थिति कायम गर्ने विश्वास गरिएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक अवधि अर्थात २०८२ साल आश्विन मसान्त सम्म कम्पनीको वित्तीय अवस्था निम्न बमोजिम रहेको छ:

रकम रु. हजारमा

| वासलातको विवरण | |
|---|---|
| सम्पति र उपकरण | ५,८७८ |
| शेयर लगानी | ४५७,४१३ |
| कर्पोरेट बण्ड लगानी | - |
| ऋण लगानी | ७५१,९९४ |
| अन्य गैह्र चालु सम्पति | - |
| मुद्दति निक्षेप | १,५५९,००० |
| चालु सम्पति | - |
| अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब | ६०२ |
| अन्य चालु सम्पति | ७,११७ |
| नगद तथा बैंक मौज्दात | ११४,९०९ |
| **जम्मा सम्पति** | **२,८९६,९१३** |
| पूँजी तथा दायित्व | - |
| पूँजी | - |
| चुक्ता पूँजी | २,४५५,९८१ |
| जगेडा तथा कोषहरु | ३८१,९६१ |
| दायित्व | - |
| बाह्य ऋण | - |
| अन्य गैह्र चालु दायित्व | ३०,२९१ |
| चालु दायित्व | - |
| भुक्तानी गर्नुपर्ने रकम तथा व्यवस्था | २८,६७९ |
| **जम्मा पूँजी तथा दायित्व** | **२,८९६,९१३** |

| बिवरण | २०८२/०४/०१ देखि २०८२/०६/३१ सम्म |
|---|---|
| **नाफा नोक्सानको विवरण** | |
| आम्दानी | |
| शेयर लगानीबाट आम्दानी | - |
| ऋण लगानीबाट आम्दानी | १५,१५९ |
| मुद्दती निक्षेपबाट ब्याज आम्दानी | १३,८०५ |
| अन्य सञ्चालन आम्दानी | ८ |
| **कुल आम्दानी** | **२८,९७२** |
| न्यून: | - |
| कर्मचारी खर्च | ८५९ |
| सञ्चालन तथा प्रशासनिक खर्च | ४६२ |
| वित्तीय खर्च | १४८ |
| ह्रास कट्टी र परिशोधन | २८५ |
| कर्मचारी वोनस व्यवस्था | १४० |
| कर्जामा सम्भावित जोखिम व्यवस्था | (६३३) |
| **कुल खर्च** | **१,२६२** |
| **आय कर अघिको मुनाफा** | **२७,७११** |
| आय कर खर्च | ८,३१३ |
| **यस अवधिको मुनाफा** | **१९,३९८** |

**चिरञ्जीवी चटौत**
अध्यक्ष

**लेखापरीक्षकको प्रतिवेदन:**

श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको तेह्रौं वार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०८१/८२ का लागि नियुक्त भएका बाह्य लेखापरीक्षकबाट कम्पनीको लेखापरीक्षण कार्य सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन पेश भएको छ । लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर लेखापरीक्षण समिति र सञ्चालक समितिमा छलफल गरी सञ्चालक समितिबाट सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिई सकिएको छ । लेखापरीक्षकबाट सारभूत रुपमा गलत आँकडा रहित लेखापरीक्षण प्रतिवेदन पेश भएको छ ।

**(कम्पनीको आर्थिक वर्ष २०८१/८२ को यो संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको आधारमा तयार पारिएको छ । लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको वार्षिक आर्थिक बिवरण र सञ्चालक समितिको प्रतिवेदनको विस्तृत विवरण कम्पनीको वेबसाइटमा उपलब्ध रहेको छ) ।**